

# #१ सुरु गर्न अघि प्राविधिक सल्लाह लियौं

यस प्रचार सामाग्रीमा सिफारिस गरिएका सामाग्रीहरुले पहिला दुगांले बनाईएका घरहरुभन्दा सुरक्षित पुनर्निमाण गर्न मद्दत गदर्छ ।

१ तपाईहरुले घर र्निमाण गर्दा बिभिन्न प्रकारका सामाग्रीहरु जस्तै ढुगां, ईटा, काठ अथवा ढलान प्रयोग गर्न सक्नुहुन्छ तर सबै भन्दा महत्वपूर्ण कुरा तपाइले ति सामाग्रीहरु प्रयोग गर्ने उचित तरिका जान्नु पर्छ अथवा घर निर्माण गर्नकालागी दक्ष डकर्मी लगाउनु पर्दछ । खराब तरिकाले बनाइएको घरमा जस्तो सुकै सामाग्री प्रयोग गरेपनि त्यो खतर नाक हुन सक्छ ।

२ के कारणले कुनै घरहरु भत्किन्छन र कुनै ढुगांका घरहरु किन भत्किएका छैनन् भनिने आधारमा यि सन्देशहरु बनाइएको हो । यि सन्देशहरु तालिमको सट्टामा प्रयोग हुने अभिप्राय नभएर बलिया ढुगांका घरहरु बनाउने सिद्धान्तहरुलाई ब्याख्या गरिएको हो ।

३ भुकम्पले क्षति पुगेको आफ्नो घर पूर्ननिर्माण गर्नकालागी क्षति भएको घर स्थानिय प्रशासनमा दर्ता गरी स्थानिय प्रशाससंग निर्माण अनुमति सम्बन्धि रायसल्लाह लिनु र निर्माण संहिता पालना गर्नु अनिवार्य छ ।

४ नेपाल सरकारले प्रमुख पूर्ननिमाण सहयोग कार्यक्रमको योजना बनाईरहेको छ जसमा भुकम्प प्रतिरोधि निर्माणका तरिकाहरु समावेस गरिएको छ ।

५ तपाई वा तपाईको घर निर्माण गर्ने डकर्मीहरुले भुकम्प प्रतिरोधि निर्माण तरिकाहरुको बारेमा तालिम प्राप्त गरेको सुनिश्चत गरौं ।



६ यदि कुनै प्रश्नहरु भएमा तालिम प्राप्त डकर्मीहरु वा सम्बन्धित स्थानिय प्रशासनबाट प्राविधिक सहयोग लिन सकिन्छ ।

७ यि बुधाँहरु परम्परागत तरिकाले ढुगांल बनाईएका साना घरहरुकालागी साधारण निर्देशिका मात्र हुन । यदि तपाईले ठुला भवनहरु निर्माण गर्दै हुनुहुन्छ वा अरु सामाग्रीहरु प्रयोग गर्दै हुनुहुन्छ भने तपाईले बिचार पु–याउनु पर्ने अरु धेरै कुराहरु छन । प्राविधिक सल्लाह लियौं, तालिम प्राप्त डकर्मी प्रयोग गरौं र सुरक्षित पुननिर्माण गरौं ।

**KEY MESSAGE NUMBER #1 OF 10**

DUDBC LOGO
PENDING APPROVAL

SHELTER CLUSTER LOGO
PENDING APPROVAL

LOGO
LOCATION

LOGO
LOCATION

**DRAFT FOR TESTING VERSION 3: 03/11/2015**